जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३४ अंक ४२ २०८१ साल भदौं २० गते बिहीबार (5 Sep. 2024 Thursday) मूल्य रु. ५/-

Log in : *rajbirajdainik.com.np*


बाढीबाट बच्ने उपायहरु
नियमित कृत्रिम घटना अभ्यास गर्ने ।
समुदायका मानिसहरु मिलेर घरधुरी/सामुदायिक विपद् पूर्व तयारी योजना निर्माण गर्ने ।
नदिको किनारमा समुदायका मानिसहरु मिलेर ग्याबिन जाली भर्ने ।
झटपट झोला घरमा सधैं तयारी अवस्थामा राख्ने ।
बाढीबाट सुरक्षाको लागी पूर्व चेतावनी प्रणाली स्थापना भएबमोजिम गर्ने । यदि बाढी आएमा समावेशी सुरक्षित स्थान तर्फ जाने ।
सुरक्षित स्थान

यस अंक भित्र : २ पृष्ठमा : अस्वस्थ जीवनशैलीले बढाउँदै.. ३ पृष्ठमा : भारतको पवित्र सहर ... ३ पृष्ठमा :अगस्टमा विश्वव्यापीरूपमा ...

विद्यालयमा डेढ लाखको चोरी, एक लाख बराबरको तोडफोड

दैनिक समाचारदाता
राजविराज, १९ भदौ ।

सप्तरीको एक विद्यालयमा मंगलबार मध्यराती चोरले डेढ लाख मुल्य बराबरको सम्पत्ति चोरी गरेका छन् भने झण्डै एक लाख मुल्य बराबरको सम्पत्ति तोडफोड गरी नष्ट गरिदिएका छन् ।

जिल्लाको विष्णुपुर गाउँपालिका ५ स्थित जनता राष्ट्रिय माध्यमिक विद्यालय कट्टीमा यस्तो खाले चोरी घटना भएको हो ।

प्रधानाध्यापक बबिता यादवका अनुसार विद्यालयबाट ग्यास सिलिण्डर, चुल्हो, पंखा, बाइफाइ राउटर, पानी तान्ने मोटर, पाइप, दिवाल घडी, भाडाकुडा र विद्यार्थीहरुको दिवाखाजाका लागि मगाइएका विभिन्न उपभोग्य सामाग्रि गरी डेढ लाख भन्दा बढीको सरसामान चोरी भएको छ ।

चोरले स्टोर कोठामा रहेको आलु, प्याज, चना, मुरही, हरियो सागसब्जी, एउटा ग्यास चुल्हो, खाना पकाउने मरमसाला, दुई वटा टेबुल पंखा र केही फर्निचरहरु बाहिर निकालेर नष्ट गरिदिएका छन् । खाद्यान्न र हरियो तरकारी विद्यालय परिसरमा छरपष्ट फालिदिएका छन् भने पंखा, ग्यास चुल्हो र कुर्सी फर्निचर लगायतका सामाग्रि बाहिर निकालेर तोडफोड गरी चोरले छाडेर हिडेको प्रअ यादवले बताइन् । यस्तै दराजमा रहेका महत्वपूर्ण कागजातहरु बाहिर निकालेर च्यातचुत पार्दै विद्यालय परिसरमा छरपष्ट फ्यालिदिएको उनले बताइन् ।

उक्त विद्यालयमा १ सय ६५ जना विद्यार्थी छन् । उनीहरुको दिवा खाजाका लागि राखिएका राशन मध्ये आधा चोरी भएको र आधाजति चोरले फ्यालि हिडेको प्रअ यादवले बताइन् । राती चोरी भएको कुरा बुधबार बिहान ८ बजेतिर विद्यालय पुग्दा मात्र थाहा पाएको कार्यालय सहयोगि ज्ञानबत्ति साहले बताइन् । त्यसपछि सबैलाई जानकारी गराएको उनले बताइन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले घटनाको खबर पाएलगत्तै प्रहरी निरिक्षकको नेतृत्वमा एक टोली विद्यालयतर्फ खटाइएको बताए । उनले हरेक कोणबाट घटनाको अनुसन्धान गरिने र छिट्टै अपराधी पत्ता लाग्ने विश्वास समेत जनाएका छन् ।

जिल्ला बार एकाईको नेतृत्वका लागि दुई समूहको उम्मेदवारी

दैनिक समाचारदाता
राजविराज, १९ भदौ ।

सप्तरी जिल्ला बार एकाईको नेतृत्वका लागि बुधबार कानुन व्यवसायीहरुको दुई समूहले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका छन् ।

बार एकाईको अध्यक्ष पदका लागि अधिवक्ताद्वय कामेश्वर प्रसाद यादव र उपेन्द्र प्रसाद यादवले उम्मेदवारी दर्ता गराएका हुन् ।

त्यस्तै उपाध्यक्षमा अभिवक्ता दिलिप कुमार चौधरी र अधिवक्ता मिस्टर चौधरीले मनोनयन दर्ता गराएका छन् भने सचिवमा अधिवक्ताद्वय रामएकवाल मण्डल र सुरेश सिंह तथा कोषाध्यक्ष पदमा अधिवक्ताद्वय निलम कुमारी यादव र बैजनाथ चौधरीको मनोनयन परेको छ ।

यस्तै खुल्ला सदस्य पदका लागि गबेन्द्र प्रसाद देव, धिरेन्द्र लाभ, रामनरेश चौधरी, देवनाथ चौधरी, दिपेश कुमार चौधरी, ज्ञानेन्द्र प्रसाद यादव, बिरबहादुर कडारी, शिवनरायण यादव, महेन्द्र प्रसाद यादव, हेमनारायण चौधरीले उम्मेदवारी दिएका छन् ।

केन्द्रिय पार्षदका लागि श्यामनारायण यादव, ध्रुबकुमार मण्डल, भोजराज शर्मा, बलराम देव, महेन्द्र प्रसाद देव, मनु खनाल, शंकर कुमार मिश्रा, कमल कुमार यादव, केशरलाल खंग र रमाकान्त चौधरीले उम्मेदवारी दर्ता गराएका छन् ।

यसैबीच सहसचिव पदमा अधिवक्ता शैलजा कुमारी साहको मात्र उम्मेदवारी परेकोले उनी निर्विरोध निर्वाचित भएको निर्वाचन संयोजक केशव प्रसाद दासले जानकारी दिए ।

यसैगरि महिला सदस्य पदका लागि बुधबार एउटा पनि उम्मेदवारी दर्ता हुन नआएको भन्दै निर्वाचन समितिले सो पदमा उम्मेदवारीका लागि बिहीबार समय थप गरेको जनाएको छ ।

जिल्ला बार एशोसिएशनको नयाँ कार्यसमितिका लागि आउँदो भदौ २९ गते निर्वाचन हुदैछ ।

स्थापना दिवसमा अस्पताललाई सहयोग

दैनिक समाचारदाता
राजविराज, १९ भदौ ।

नेपाल निजामती कर्मचारी युनियन सप्तरीले आफ्नो स्थापना दिवसको अवसर पारेर बुधबार राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा सहयोग स्वरुप वेडसिट प्रदान गरेको छ ।

अस्पतालको आकिस्मक कक्षमा रहेका सबै २५ वटै वेडमा प्रयोग गर्नका लागी आवश्यक वेडसिट प्रदान गरेको हो ।

रोगको संक्रमण फैलने सम्भावना न्यूनिकरण तथा सरसफाईको सन्देश दिदै अस्पतालाई सहयोग गर्न स्थापना दिवसमा यस्तो कार्याक्रम रोजेको नेपाल निजामति कर्मचारी यूनियनका अध्यक्ष सूर्यकान्त झाले बताए ।

युनियन आबद्ध कर्मचारीहरुको नीजि खर्चबाट सो सहयोग जुटाइएको उनले बताए । यूनियनका अध्यक्ष झाका साथै स्थापना दिवस समारोहका प्रमुख अतिथि नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साहले संयुक्त रुपमा उक्त वेडसिट अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा. दिलिप साहलाई हस्तान्तरण गरे ।

सो अवसरमा नेपाल स्वास्थ्यकर्मी संघ सप्तरीका अध्यक्ष शिव नारायण चौधरी, सचिव सनत मण्डल, नेविसंघका अध्यक्ष राकेश ठाकुर, तरुण दलका अध्यक्ष अर्जुन यादव लगायतको उपस्थिती रहेको थियो ।

आपराधिक उपद्रव मुद्दाको आरोपमा साह पक्राउ

दैनिक समाचारदाता
राजविराज, १९ भदौ ।

सरकारी कागजपत्र च्यातेको तथा कार्यालयमा अशान्ति मच्याएको आरोपमा बुधबार प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

राजविराज वडा नं. ७ स्थित नापी कार्यालयमा गएर कर्मचारीहरुसीत दुर्व्यहार गर्नुका साथै सरकारी कागजपत्र समेत च्यातेको आरोपमा सप्तरीको रुपनी गाउँपालिका १ निवासी ४० वर्षिय प्रमोद साह “राणा” लाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कार्यालयमा गएर कर्मचारीलाई दुर्व्यहार गर्नुका साथै कार्यालयको क्षेत्रिय बुक समेत च्यातेर फ्यालेको आरोपमा साहलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए ।

उनीमाथी आपराधिक उपद्रव शिर्षकमा मुद्दा चलाइने तथा बुधबार नै सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका साह मिटर ब्याजी बिरुद्ध गठित संघर्ष समितिमा बसी समय समयमा गरिने प्रदर्शनमा सहभागि हुँदै आएका छन् । उनले नापी कार्यालयमा कर्मचारीले सेवाग्राहीसँग घुस मागेको विषयमा प्रश्न उठाउँदा र भिडियो बनाउन खोज्दा अचानक प्रहरी आएर आफूलाई पक्राउ गरेको दाबी गरेका छन् ।

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

बच्ने उपाय

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी

अस्वस्थ जीवनशैलीले बढाउँदै नसर्ने रोगको जोखिम

बुनु थारु

काठमाडौँ, १९ भदौ (रासस)।

नसर्ने रोग विश्वमै जटिल बन्दै गइरहेको छ। विश्वव्यापीकरण, सहरीकरण, जनसङ्ख्या वृद्धि तथा जीवनशैलीमा आएको परिवर्तन तथा वातावरणीय प्रदूषणलगायत कारणले नसर्ने रोगको जोखिम बढ्दै गइरहेको विज्ञ बताउनुहुन्छ। उहाँहरुका अनुसार अस्वस्थ जीवनशैलीका कारण क्यान्सर, मधुमेह, मुटुरोग, दमलगायतका रोग बढ्दो क्रममा छ।

मुटु रोग विशेषज्ञ डा राजेन्द्र कोजु ओपिडीमा आइपुग्ने धेरै जसो बिरामीमा उच्च रक्तचाप, मधुमेह, छाति दुख्ने, मुटुको समस्या देखिन्छ। यी सबै नसर्ने रोग हुन्। स्वस्थ खानपान तथा व्यायामले शरीर तन्दुरुस्त हुन्छ भन्ने चेत हुँदा पनि धेरै जनाले यसलाई बेवास्ता गरिरहेको उहाँको अनुभव छ। खानेकुरामा अनुशासन नहुँदा बालबालिकामा पनि मोटोपन बढ्दो छ।

“धेरै चिल्लो र गुलियो खाने तर शारीरिक व्यायाम छैन अनि बोसो जम्छ। अर्कातिर प्रदूषणले पनि धेरैलाई रोगी बनाउँदै लगेको छ”, डा कोजु भन्नुहुन्छ।

नसर्ने रोगबाट वार्षिक चार करोडको मृत्यु

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार नसर्ने रोगबाट वार्षिक चार करोड १० लाखले ज्यान गुमाउने गरेका छन्। जुन विश्वव्यापी रुपमा हुने मृत्युको ७४ प्रतिशत बराबर हो। हरेक वर्ष एक करोड ७० लाख मानिस नसर्ने रोगबाट ७० वर्षको उमेरभन्दा अगावै नै ज्यान गुमाइरहेका छन्। नसर्ने रोगबाट मर्ने ७७ प्रतिशत निम्न तथा मध्यम आय भएका देशका छन्।

कार्डियो भास्कुलर रोग (सिभिडी) बाट वार्षिक एक करोड ७९ लाख, क्यान्सरबाट ९३ लाख, क्रोनिक रेस्पिरेटिरीबाट ४१ लाख मानिसले वार्षिक रुपमा ज्यान गुमाउने गरेका छन्। नसर्ने रोगको मुख्य कारक अस्वस्थ्यकर जीवनशैली नै देखिएको छ। सूर्तीजन्य पदार्थको सेवन, शारीरिक व्यायामको कमी, मद्यपान तथा धुमपान, अस्वस्थकर खानपान, वायु प्रदूषणले नसर्ने रोग निम्त्याउन अहम भूमिका खेलिरहेका छन्। नसर्ने रोगले लामो अवधि र साधारणयता सुस्त गतिमा प्रभाव पार्ने गर्छ।

विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा गरेको एक अध्ययनका अनुसार ७१ प्रतिशतभन्दा बढी नागरिकले नसर्ने रोगका कारण ज्यान गुमाउनुपरेको छ।

रोकथाममा ध्यान दिन आवश्यक

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने दीर्घ रोग, सुक्ष्म जीवाणु माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ। यो रोगबाट जुनसुकै उमेरका व्यक्तिहरु प्रभावित हुन सक्छन्। उपचारात्मकभन्दा रोकथाममा नै सुरुमा ध्यान दिन सके नसर्ने रोगबाट बच्न सकिन्छ।

मधुमेह रोग विशेषज्ञ डा ज्योति भट्टराई भन्नुहुन्छ, “वंशाणुगतबाहेक जङ्क फुड, व्यायाम नहुनु, दुब्लो देखिँदा पनि कलेजोमा बोसो थुप्रिएको हुन्छ जसलाई हामी ‘फ्याटी लिभर’ भन्छौँ त्यो धेरैमा छ। सन्तुलित भोजनको कमी, गुलियो पेयपदार्थले चिनी रोग बढिरहेको देखिन्छ। यसबाट कालान्तरमा किड्नी फेल, खुट्टा काट्ने अवस्था, हृदयघातजस्ता समस्या आउन सक्छन्।”

उहाँले नसर्ने रोग लाग्न नदिन विद्यालयस्तरबाट विद्यार्थीलाई सचेत गराउने र अभिभावकलाई पनि जनचेतना प्रदान गर्न आवश्यक रहने बताउनुहुन्छ। नियमित व्यायाम गर्ने, रेसायुक्त खाना खाने, प्रशोधित खाना नखाने, घरमै पाकेको खाना खानाले चिनी रोगलगायत नसर्ने रोगबाट बच्न सकिने उहाँको सुझाव छ।

नसर्ने रोग यदी प्रारम्भिक अवस्थामै पत्ता लगाइ सोही समयमै व्यवस्थापन गर्न सकेमा यसले भविष्यमा निम्त्याउने जटिलता र अकाल मृत्यु हुनबाट बच्न सकिन्छ। बाल्यावस्था तथा युवावस्थामा स्वस्थकर जीवनशैली अपनाएमा वयस्क/वृद्ध अवस्थामा गएर नसर्ने रोग लाग्नबाट बच्न सकिने विज्ञ बताउनुहुन्छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नसर्ने तथा मानसिक रोग स्वास्थ्य शाखा प्रमुख डा पोमावती थापाले धुमपान, मद्यपान, शारीरिक निष्कृयता, प्रशोधित खाना नै नसर्ने रोगको प्रमुख कारक रहेको बताउनुहुन्छ।

उहाँले सरकारले नसर्ने रोगको रोकथामका लागि सबै जिल्लामा पेन प्रोग्राम (प्याकेज अफ इसेन्सियल नन कम्युनिकेबल डिजिज) ल्याएको बताउनुहुन्छ। डा थापा भन्नुहुन्छ, “समुदायस्तरमा नसर्ने रोगको पहिचान, स्क्रीनिङ र उपचार गर्न यो कार्यक्रम ल्याइएको हो। पाठेघर क्यान्सर स्क्रीनिङ तथा एचपिभी खोप पनि सरकारले सुरु गरिसकेको छ। त्यसैगरी जटिल, दीर्घ, बालबालिका र किशोरकिशोरीमा लाग्ने नसर्ने रोगको रोकथाम गर्न पेन प्लस कार्यक्रम पनि ल्याएका छौँ। त्यो छ जिल्लामा लागू भएको छ। “नसर्ने रोगको रोकथाम तथा नियन्त्रण गर्न बहुक्षेत्रीय समन्वयको आवश्यकता रहेको उहाँको भनाइ छ।”

मुटरोग विशेषज्ञ डा कोजुले स्वस्थ्य जीवनशैली अपनाउन अभिभावकले आफै पनि अनुसरण गरेर आफ्ना बालबालिकालाई सिकाउनुपर्ने धारणा राख्नुहुन्छ। मोबाइल हेर्ने बानीले एकोहिरने हुन्छ जसले गर्दा स्ट्रेस लेभल पनि बढ्दै गएको देखिन्छ। स्वस्थ्यकर खाना जस्तै तरकारी, फलफूल खानुपर्छ। गुलियो पेयपदार्थ कम खाने। व्यायाम र धुमपानबाट टाढा रहे धेरै रोगबाट बच्न सकिन्छ”, डा कोजु भन्नुहुन्छ।

उहाँकाअनुसार मोबाइल टिभीमा लत लगाउनुभन्दा खेलकुदमा अभिभावकले ध्यान दिनुपर्छ। भन्नुहुन्छ, “राज्यले पनि स्कुलको पाठ्यक्रममा वा स्वस्थ जीवनशैलीसम्बन्धी पैरवी गर्नुपर्छ साथै व्यायाम गर्ने ठाउँको निर्माण गर्दिनुपर्छ।”

नसर्ने रोगको बढ्दो प्रकोपका कारण विश्व नै आक्रान्त भइरहेका बेला नेपालले यसलाई व्यवस्थित रुपमा रोकथाम र नियन्त्रण गर्न नसर्ने रोगसम्बन्धी बहुक्षेत्रीय कार्ययोजना (सन् २०२१-२०२५) बनाएको छ। नेपालले नसर्ने रोगका कारणले अल्पायुमा हुने मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएको छ। त्यसैगरी दिगो विकास लक्ष्यले समेत एक तिहाइले नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ।

बालविवाहविरुद्ध अभियानमा विद्यालयका छात्रा

महोत्तरी, १९ भदौ (रासस)।

महोत्तरीमा विद्यालयका किशोर वयका छात्राको बालविवाहविरुद्ध अभियानमा सक्रियता बढेको छ। विद्यालयमा माध्यमिक तहका छात्राले अब निर्धक्क बालविवाहविरुद्ध आफ्नो अभिमत सङ्गठित रूपमा राख्न थालेका हुन्।

बालविवाहविरुद्ध विद्यालयपिच्छे छात्राहरूले ‘बालविवाहविरुद्ध सचेतना समूह’ बनाएका छन्। पछिल्लो समयमा जिल्लाका १५ स्थानीय तहमध्ये सातले बालविवाहविरुद्ध बस्तीबस्तीमा सचेतना अभियान सञ्चालन गरेपछि किशोरीहरूको अभियानले थप वल पाएको छ। “हामीलाई नगरपालिकाको साथ छ, अब त अभिभावक पनि बालविवाहविरुद्धको अभियानमा जुट्न थाल्नुभएको छ”, अभियानको सवल पक्षबारे स्पष्ट पार्दै मटिहानी-८ स्थित राम माध्यामिक विद्यालयकी कक्षा १२ की १७ वर्षीया छात्रा हीना खातुन भन्नुहुन्छ, “स्थानीय तह, समुदाय र घरपरिवारको साथले अब बालविवाहका घटना पातलिँदै गएका छन्।” महोत्तरीमा बालविवाहविरुद्ध सामाजिक जागरणमा जुटेका विद्यालयका छात्रा अब हीनाजस्तै निर्धक्क बालविवाहविरुद्ध आफ्ना कुरा भन्न सक्ने बन्दैछन्।

जिल्लाका मटिहानीसहित सात स्थानीय तहहरू बालविवाह न्यूनीकरणका लागि विभिन्न गैरसरकारी सङ्घसंस्थासँगको सहकार्यमा प्रयत्न अघि बढाउँदैछन्। जिल्लाका मटिहानीसहित बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टि नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा बालविवाहविरुद्धको सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना चलाइएका छन्। यी सातवटै स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवन उपयोगी शिक्षा र व्यवहार परिवर्तनसम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका छन्।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासन आदि कार्यक्रम सञ्चालन गराइरहेका छन्। जिल्लामा स्थानीय तहहरूले विभिन्न सामाजिक सङ्घसंस्थाको सहकार्यमा बालविवाहविरुद्ध सामाजिक जागरणका अभियान सघन बनाउँदै लगेपछि विद्यालयका छात्राले अब निर्धक्क भएर अब घरमा विवाहका कुरा चलेको सुनेपछि प्रतिवाद गर्न थालेका छन्।

“घरमा आफन्तले बिहेका कुरा त ल्याउँछन्, हामी अभिभावकलाई यी कुरा अहिले अघि नबढाउन भन्छौँ, घरमा हाम्रो कुरा सुनिन थालेको छ”, राम माविकै कक्षा १२ की अर्की १८ वर्षीया छात्रा समिमा खातुन भन्नुहुन्छ, “बालविवाहविरुद्धको सचेतना अभियानमा सामाजिक अगुवा र नगर नेतृत्वकै बलियो साथले अब हामी कतै बालविवाह हुँदैछ भन्ने थाहा पाएपछि त्यहाँ पुगेर कुरा बुझाउने गरेका छौँ।”

मुस्लिम, दलित र जनजाति समुदायको बसोबास बाहुल्यताको मटिहानी नगरपालिकामा अशिक्षा, सामाजिक चेतनाको कमी, दहेजको भार र गरिबीले गर्दा बालविवाहका घटना निकै बाक्लो भेटिएपछि आफूहरूले यसविरुद्ध विभिन्न सामाजिक सङ्घसंस्थाको सहकार्यमा अभियान सुरु गरेको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल बताउनुहुन्छ। अहिले बस्तीपिच्छे बालविवाहविरुद्ध सामाजिक जागरणका लागि अभिभावक, पुरोहित/मोल्वी र सम्बद्ध वडाबस्तीका जनप्रतिनिधिसम्मिलित समिति बनाइएका छन्।

माध्यामिक विद्यालयहरूमा पनि छात्रछात्रा सम्मिलित जागरण टोली अभियानमा सरिक गराइएको मण्डल बताउनुहुन्छ। आफ्नो नगर कार्यपालिकाको कार्यालयको बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको संयोजनमा बालविवाहविरुद्ध सञ्चालित अभियानले सकारात्मक प्रभाव बढाएको उहाँको कथन भनाइ छ। “यो वर्षौंवर्षदेखि समाजलाई जकड्याएको सामाजिक कुरीति हो, यसविरुद्ध मुख्यरुपले सामाजिक ऐक्यबद्धता आवश्यक छ”, मण्डल भन्नुहुन्छ, “समाजका व्यक्तिव्यक्तिले ‘अब बालविवाह हुन दिनुहुन्न’ भन्ने स्थिति बनाइनुपर्छ।” अहिले आफूहरू यसै प्रयत्नमा जुटिएको उहाँले बताउनुभयो। यस क्रममा नगर क्षेत्रका सबै माध्यामिक तहका विद्यालयमा अभिमुखीकरण कार्यक्रम आयोजना भइरहेका छन्। बालविवाहविरुद्ध जनमत बढाउन बस्तीबस्तीमा जागरण अभियान सञ्चालन गरिएका मण्डलले उल्लेख गर्नुभयो।

‘नगरौँ बिहेका कुरा, अहिले भएको छैन २० वर्ष पूरा’ यो नारा अब मटिहानीका जनजनमा पुऱ्याइँदै गरिएको मटिहानी नगरपालिकाको बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ। पछिल्ला दुई वर्षदेखि बालविवाहविरुद्ध विभिन्न अभियान संयोजन गर्दै आएको शाखाले अहिले विद्यालयका छात्रछात्रा, विभिन्न धर्म सम्प्रदायका गुरु/पुरोहित र सामाजिक अगुवाहरूलाई यस अभियानमा जोडेको शाखा प्रमुख गीता दास बताउनुहुन्छ। “हामीले बालविवाहविरुद्ध सामाजिक जागरणलाई प्राथमिकता दिएका छौँ, अहिले यस अभियानमा इस्लाम धर्म परम्पराका मौलाना, मोल्वी, धार्मिक मठका सन्तमहन्थ र गुरु/पुरोहित जुट्नुभएको छ”, दास भन्नुहुन्छ, “अभियानमा समाजका अगुवा जोडिनुभएको छ, बस्तीबस्तीमा बालविवाहविरुद्ध सामाजिक जागरण सञ्चालन गर्न समिति कार्यरत छन्।”

सामान्यतया विद्यालयमा पढिरहेकी छात्रा १४/१५ वर्षकी भएपछि विवाहका कुरा चल्ने र विवाह गरिने आम चलन देखिएपछि यस अभियानमा विद्यालयका छात्रालाई जोडिएको हो। विद्यालय नआउने किशोरी त झन् चाँडै विवाह गरिने चलनले कलिलो उमेरमै बच्चा जन्माउने र गम्भीर प्रकृतिका रोगका सिकार हुने कुराजस्तै देखिएको दुई वर्षअघिलाई सम्झँदै मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डल बताउनुहुन्छ। “हामीले दुई वर्षपहिले गरेको सर्वेक्षणमा आठ सयभन्दा बढी बालविवाहका घटना भेट्टायौँ”, उहाँ भन्नुहुन्छ, “यो अवस्था चिर्न तत्काल पहलकदमी लियौँ, नगर कार्यपालिकाको कार्यालयको बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको संयोजनमा अभियानमा जुट्यौँ, अहिले हाम्रो अभियानले सकारात्मक उपलब्धि हासिल गरेको छ।”

चमार, दुसाध, मलाह, धानुक, केवट, खत्वे र मुस्लिम जाति समुदायका गरिब बस्तीमा यो समस्या बढी देखिएको छ। नगर क्षेत्रमा यी जाति समुदायको बसोबास बाक्लो हुँदा यहाँ बालविवाहका घटना बढी देखिएका हुन्। बालविवाहलाई निरुत्साहित गर्न यसविरुद्धको सामाजिक ऐक्यबद्धता र छोरी शिक्षालाई प्राथमिकतामा राखेर अहिले सङ्गठित अभियान अघि बढाइएपछि यस्ता घटना पातलिँदै गएका दासको भनाइ छ।

मटिहानी नगरपालिकाले आफ्ना छोराछोरीको विवाह उमेर पुगेपछि गर्ने अभिभावकलाई पछिल्ला दुई वर्षयता सम्मानको परम्परा बसाएको छ। यस अवधिमा अभिभावक, धार्मिक विधिअनुसार विवाह गराउने मोल्वी तथा गुरु/पुरोहितसहित एक सय बढी सम्मानित भएका छन्। विवाह गर्न/गराउन महत्वपूर्ण भूमिका हुने मोल्वी, गुरु/पुरोहित र धार्मिक मठका सन्तहरूलाई अभियानमा जोडेर उहाँहरूबाटै घरघरमै पुगेर ‘उमेर नपुगी छोराछोरीको विवाह गर्नु सामाजिक अपराध हो’ भन्न थालिएपछि बालविवाहका घटना क्रमशः पातलिँदै गएका नगरको बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ।

“अब त घरमा विवाहका कुरा चल्दा छात्राहरू नै प्रतिवादमा उत्रन थालेका छन्”, शाखाप्रमुख दास भन्नुहुन्छ, “कतिपय छात्राले यस्तो सूचना दिएपछि जनप्रतिनिधि, जागरण अभियानी घरै पुगेर अभिभावकलाई सम्झाई-बुझाई यस्ता घटना रोकिएको छ।” समाजमा उमेर नपुगेका केटाको पनि विवाहका घटना देखिए पनि यो कुरीतिको सिकार बढी छोरी भएको पाइएको दासको भनाइ छ।

बालविवाहविरुद्ध सामाजिक जागरण अभियानको संयोजन गरिरहेको बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले पनि क्रमशः बालविवाहका घटना कम हुँदै गएको निष्कर्ष निकालेको छ। “हामीले आर्थिक वर्ष २०७९/८० मा सर्वेक्षण गरेका थियौं, बालविवाहका आठ सय घटना पाइएका थिए, त्यसयता यसविरुद्धको अभियान बढाउँदै लगिएसँगै अब बालविवाहका घटना निकै कम भएका छन्” शाखा प्रमुख दासले भन्नुभयो। अब त कतै उमेर नुपुगेका जोडीबीच विवाह हुँदैछ भन्ने थाहा पाउनासाथ अभियानमा जुटेका सामाजिक अभियानी र छात्रछात्रा यस्तो विवाह नगर्न घरघरै पुगेर सुझाउने गरेका दासले बताउनुभयो।

मटिहानी नगरपालिकाले बालविवाह निरुत्साहित गर्न छोरी शिक्षा कार्यक्रम र निरक्षर उन्मूलन अभियानको पहिलो चरण गत आव २०८०/८१ मा सम्पन्न गरेको छ। नगरका १५ वर्षदेखि ६०

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

भारतको पवित्र सहर जहाँ हजारौं मानिस मृत्युवरण गर्न जान्छन्

निहारिका कुलकर्णी

वाराणसी (भारत), १९ भदौ (रासस/एएफपी) ।

वृद्ध भारतीय हिन्दू भक्तहरूको भीड मृत्युका लागि उनीहरूको एकतर्फी तीर्थयात्राले अनन्त शान्ति प्रदान गर्नेछ भन्नेमा शान्त र आश्वस्त छ । कोही केही दिन मात्र बस्छन् भने कोही दशकौँ प्रतीक्षा गर्छन् ।

भारतको पवित्र सहर वाराणसीमा गङ्गा नदीको किनारमा धुवाँको अन्त्येष्टि चिताहरू छन् जहाँ हरेक वर्ष हजारौँ हिन्दू श्रद्धालु आफ्नो अन्तिम दिनहरू बिताउन आउने गर्छन् ।

गङ्गाको किनारमा मृत्युवरणले उनीहरूको त्यहीँ अन्त्येष्टि गरिनेछ र उनीहरूको खरानीलाई नजिकको सिँढीहरू वा 'घाटहरू' मा पानीमा छरिन्छ भन्ने ग्यारेन्टी दिन्छ । हिन्दूहरू यसबाट पुनरजन्मको चक्रबाट मुक्ति सुनिश्चित गर्छ भन्ने विश्वास गर्छन् ।

बयानब्बे वर्षीय बद्रीप्रसाद अग्रवालले सुदूर पश्चिमी राजस्थानबाट धेरै दिनसम्म एक हजार किलोमिटरभन्दा लामो यात्रा गर्नुभयो । आफू मर्नका लागि सही ठाउँमा भएको थाहा पाएर शान्तिपूर्वक पर्खन पाउँदा उहाँ खुशी हुनुहुन्थ्यो ।

लामो र कठिन जीवनको अन्तिम अवस्थामा आराम गर्दै उहाँले भन्नुभयो, "यो भगवान्को आफ्नै भूमि हो ।" उहाँका अनुसार उहाँको भगवान्ले उहाँलाई अझै पाँच महिना बाँच्ने बताउनुभएको छ ।

उहाँ एउटा धर्मशालामा समय बिताउन सन्तुष्ट हुनुहुन्छ । धर्मशालाले अतीतको शान्त चिन्तनमा आफ्ना अन्तिम दिनहरू बिताउन आउनेहरूलाई सेवा गर्दछ ।

अग्रवालले भन्नुभयो, "म हरेक दिन भगवान्सँग कुरा गर्छु, चाँडै नै म भगवान्को घरमा शान्तिसँग हुनेछु ।"

सहरका धेरै 'मुक्ति घर' मध्येको एक 'मुक्ति खोज्नेहरूको घर' भनिने मुमुक्षु भवन धर्मशाला नामक परोपकारी अतिथिगृहमा बस्नका लागि उहाँले ठाउँ पाउनुभएको छ ।

केन्द्रमा ४० वटा कोठा छन् । धर्मशालाले वाराणसीमा मर्न आउने हजारौँ मानिसलाई सेवा दिन्छ । नदीबाट केवल एक मिनेटको पैदल दूरीमा रहेको उक्त धर्मशाला नदीबाट सबैभन्दा नजिक रहेकाले अग्रवाल त्यहाँ आउन पाउँदा प्रसन्न हुनुहुन्छ ।

अनादिकालदेखि भइरहे जस्तै त्यहाँ दाहसंस्कारको आगो कहिल्यै निभ्दैन । बनारसको नामबाट पनि चिनिने हिन्दूहरूका लागि उत्तरी सहर वाराणसी विश्वको सबैभन्दा पवित्र स्थानमध्येको एक हो ।

यो संहारका देवता भगवान् शिवको सहर हो । हिन्दूहरू भगवान् शिवले पुनःनिर्माण गर्नुअघि नष्ट गर्नुहुने बताउँछन् । 'मोक्ष' अर्थात मुक्तिको खोजीमा मानिसहरू शताब्दीयौँदेखि यहाँको यात्रा गर्दै आएका छन् ।

मोक्ष धर्मशालामा केही एक्लै आउँछन् र परोपकारमा निर्भर हुन्छन् भने केही विवाहित जोडी पनि आउँछन् । अन्यले आफ्नो जीवनको बचत आफ्नो मार्ग तिर्न प्रयोग गर्दछन् वा आफ्नो हेरचाहका लागि आफन्तहरूलाई साथमै ल्याउँछन् ।

बिरामीका लागि चिकित्सा सुविधा छ तर यो पवित्र सहरमा मृत्युमा शोक गर्ने कुरा होइन । यसको सट्टा यसलाई आशीर्वाद मानिन्छ किनकि भक्तहरूमा उनीहरूको आत्माले जीवन र मृत्युको चक्रबाट मुक्ति पाउनेछ भन्ने बुझाइ छ ।

बहत्तर वर्षीया नादी बाई दुई वर्षअघि मणिकर्णिका घाट दाहसंस्कार स्थलबाट आफ्नो समयको प्रतीक्षा गर्दै वाराणसी जानुभयो ।

"मेरो दाहसंस्कार होस् भन्ने म चाहन्छु जसबाट मेरो आत्मालाई शान्ति प्राप्त होस् र मेरो खरानी गङ्गामा विसर्जन होस्", उहाँले भन्नुभयो ।

उहाँले मोक्ष अगाडि छ भन्ने प्रबल विश्वासमा मृत्युवरण गरेकाहरूको उत्सव हेर्नुभएको छ । "मानिसहरूलाई दाहसंस्कारका लागि लैजाँदा तपाईंलाई भगवान्को जस्तै सिंहासनमा बसाएको जस्तो लाग्दछ", उहाँले भन्नुभयो, "त्यहाँ धेरै सम्मान छ र सबै कुरा राम्रो तरिकाले गरिन्छ ।"

गुलाब बाई ३० वर्षअघि आफ्ना श्रीमान्सँग यहाँ आउनुभएको थियो । सात वर्षअघि उहाँको श्रीमान्को मृत्यु भयो । अहिले हुर्किसकेका छोराछोरी भेट्न आउँदा उहाँ जान तयार हुनुहुन्छ ।

हिन्दू धर्मको पवित्र रङ भगवा साडी लगाउनुभएकी ९१ वर्षीया बाई शान्तिपूर्वक आफ्नो प्रतीक्षा गरिरहनुभएको छ । "यहाँ मृत्युवरण गर्दा र अन्त्येष्टि गर्दा जीवन र मृत्युको अन्तहीन चक्र तोडिन्छ, त्यसपछि मलाई मोक्षा प्राप्त हुनेछ", उहाँले भन्नुभयो ।

बालविवाहविरुद्ध...

वर्ष उमेर समूहका नागरिकलाई बस्तीबस्तीमै साक्षरता कक्षामा सामेल गराइएर १५ वर्षमुनिका बालबालिकालाई विद्यालयसँग जोडिएको हुँदा अब आफ्नो नगर सधैँ शिक्षा अभियानमा अघि बढिरहने नगरप्रमुख मण्डलको भनाइ छ ।

मटिहानी नगरपालिकाले गत आव २०८०/८१ को असोजमा बस्तीबस्तीमा विद्यालयका माध्यामिक तहका ७२ जना छात्रछात्रालाई साक्षरता दूत तोकेर साक्षरता कक्षा कार्यक्रम सञ्चालन गरेको थियो । नगरका नौवटा वडा बस्तीमा सञ्चालित यस्ता कक्षाबाट यसअघि पूर्ण निरक्षर रहेका तीन हजार ६ सयजना साक्षर बनेका नगर कार्यपालिकाको शिक्षा तथा खेलकुद शाखाले जनाएको छ । नगर बस्तीमा सञ्चालित साक्षरता कक्षाबाट यसअघिका निरक्षर अब आफ्नो र परिवारजनको नाउँ ठेगाना लेख्न पढ्न सक्ने, साधारण जोडघटाउ गर्न जान्ने, मोबाइल चलाउन सक्ने र घडी हेर्न जान्ने भएका छन् । यस अभियानको सकारात्मक परिणामले नै मटिहानी गत जेठको पहिलो सातामै पूर्ण साक्षर नगर घोषणा भइसकेको शाखा प्रमुख चन्देश्वर साहले बताउनुभयो । अब नगरका ९५.१६ प्रतिशत बासिन्दा साक्षर बनेका नगरको शिक्षा तथा खेलकुद शाखाको तथ्याङ्क अभिलेखमा उल्लेख छ । यो अभियानलाई निरन्तरता दिँदै लगिने साह बताउनुहुन्छ ।

खासमा समाजमा रहेका परम्परागत कुरीति हटाउन शिक्षामा जोड दिइनुपर्ने निष्कर्ष साथ मटिहानी नगरपालिकाले छोरी शिक्षालाई जोड दिँदै आएको छ । विद्यालयमा पढ्न आउने छोरीहरूका लागि कापी, कलमसहितका शैक्षिक सामग्री, स्कूल झोला र हुर्केका छोरीलाई साइकल दिँदै आएको छ । गत शनिबार राम माविका कक्षा १२ का ६२ जना छात्राले साइकल पाएका छन् । नगरले २०७५ देखि कक्षा ११ का छात्रालाई साइकल उपलब्ध गराउँदै आएको छ । हालसम्म राम माविका चार सय ८७ जना छात्राले साइकल पाइसकेका छन् ।

बालविवाहविरुद्धको सचेतना अभियानमा अहिले आठ कक्षामाथिका छात्राहरू सङ्गठित छन् । यी सचेतना समूहमा आबद्ध किशोरी आफ्नो बस्तीमा उमेर नपुगेका कसैको विवाहको कुरा चलेको थाहा पाउनासाथ 'नगरौं बिहेको कुरा, भएको छैन २० वर्ष पुरा' भन्न पुग्ने गरेका छन् । यसैगरी जिल्लाका अन्य छ स्थानीयतहमा पनि बालविवाहविरुद्धका अभियानले सकारात्मक प्रभाव बढाएका छन् । पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले वालविवाहका घटनामा छोराभन्दा छोरी बढी पर्ने गरेका पाइएको हुँदा छोरी शिक्षालाई प्राथमिकतामा राखेर कार्यक्रम बनाइएको बताउनुभयो ।

मुलुकको अहिलेको प्रचलित विवाहसम्बन्धी कानुनी व्यवस्थाले २० वर्ष उमेर नपुगी गरिने विवाहलाई दण्डनीय अपराध उल्लेख गरेको छ । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित जम्मा १५ स्थानीय तह छन् । जिल्लाको बर्दिबास नगरपालिका दुई वर्ष पहिले नै बालविवाहमुक्त नगर घोषणा भइसकेको छ । पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार तराई मधेशका २० जिल्लामा बालविवाहको अवस्था सालाखाला ४२.२ प्रतिशत रहेको उल्लेख छ । महोत्तरीमा बालविवाह ५० प्रतिशतको हाराहारीमा देखिन्छ, जसमा ८० प्रतिशत छोरी परेका देखिन्छन् । पछिल्ला प्रयत्नबाट सकारात्मक परिणाम प्राप्त भइरहेको जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्ण बताउनुहुन्छ । "पछिल्ला प्रयत्नले सकारात्मक परिणाम देखाएका छन्, यो अभियान अझ सशक्त बनाइन आवश्यक छ" कर्ण भन्नुहुन्छ, "यसको पहिलो कडी छोरी शिक्षा हो, घरघरबाट छोरी विद्यालय पुऱ्याउने र टिकाउने गरी कामका योजना बनिन पर्छ ।"

जिल्लामा बालविवाह दुरुत्साहन गर्न कानुनी कारबाहीको पाटो पनि महत्वपूर्ण हुने महिला सशक्तीकरण अभियानमा जुटेका अगुवा महिलाको धारणा छ । समाजमा हुने बालविवाहका घटनाबारे प्रहरी कार्यालयहरूमा दोहोरो छलफल गरेर मिलापत्र गराइने गरेको पनि सुनिने गरिएको महिला सशक्तीकरण अभियानमा सरिक हुँदै आउनुभएकी रेखा झा बताउनुहुन्छ । "यस्ता घटना छलफल र मिलापत्र हैन, अदालती कारवाहीमा लगिन पर्छ, यसले कानुनको परिपालनामा बल दिन्छ" झा भन्नुहुन्छ । यता जिल्ला प्रहरी कार्यालय महोत्तरीले भने बालविवाहविरुद्धका उजुरीमा छलफल वा मिलापत्र हुने नगरेको स्पष्ट पारेको छ । बालविवाह दण्डनीय अपराध भएकाले यस्ता अपराधमा संलग्नले कारवाहीबाट उन्मुक्ति पाउने गुन्जाइस नरहेको कार्यालय प्रमुख तथा प्रहरी उपरीक्षक नकुल पोखरेल बताउनुहुन्छ ।

विश्व समाचार

अगस्टमा विश्वव्यापीरूपमा उच्च तापमान रेकर्ड

सिङ्गापुर, १९ भदौ (रासस/एएफपी) ।

अगस्ट महिनामा विश्वव्यापी तापमान सूचकाङ्कमा उच्च रेकर्ड कायम भएपछि बढ्दो तापक्रमका कारण विश्वव्यापी 'रेड अलर्ट' जारी गर्नुपर्ने अवस्था आएको राष्ट्रसङ्घको मौसम तथा जलवायुसम्बन्धी निकाय (डब्ल्युएमओ)का प्रमुखले बुधबार बताउनुभएको छ ।

विश्वमा लगातार दोस्रो वर्ष अगस्टमा तापक्रमको रेकर्ड औसतभन्दा बढी भएको युरोपेली युनियनको जलवायु अनुगमनको प्रारम्भिक तथ्याङ्कले देखाएको छ ।

मौसम विज्ञान निकायहरूका अनुसार यो अवधिमा अष्ट्रेलिया, जापान, चीनका केही भाग तथा नर्वेमा अहिलेसम्मको सबैभन्दा तातो अनुभव गरिएको छ ।

तथ्याङ्कअनुसार पछिल्लो समयमा अपेक्षाभन्दा धेरै तापक्रम बढेको र यो हामीले तापक्रम सन्तुलनका लागि जनाएको प्रतिवद्धताभन्दा विपरित भएको डब्ल्युएमओका प्रमुख सेलेस्ट साउलोले बताउनुभयो ।

ईयूको 'कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस'ले गत वर्ष अगस्टमा मापन गरिएको रेकर्ड १६.८२ डिग्री सेल्सियसभन्दा माथि रहेको उहाँले बताउनुभयो ।

सिङ्गापुरमा स्थानीय मौसम विज्ञान निकायहरूको क्षेत्रीय जलवायुसम्बन्धी एक कार्यक्रममा बोल्दै निर्धारित 'मापदण्ड' पार भइसकेको उहाँले बताउनुभएको छ ।

तापक्रम वृद्धि नियन्त्रण गर्न थप स्रोतहरू चाहिने उल्लेख गर्दै साउलोले मौसम विज्ञान निकायका लागि राम्रो निगरानी र समर्थनका लागि पनि आह्वान गर्नुभयो ।

विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्यूएमओ)ले एसिया र प्रशान्त क्षेत्रमा जलवायु परिवर्तनको प्रभावबारेको पछिल्लो मूल्याङ्कन जारी गरेको केही दिनपछि आएको यस फोरमले धेरै क्षेत्रमा समुद्री सतहको वृद्धि औसतभन्दा माथि रहेको चेतावनी दिएको छ ।

'कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस'का अनुसार अगस्टसम्मको रेकर्डले १५ महिनाको वृद्धिको निरन्तरतालाई जारी राखेको देखिन्छ भने प्रत्येक महिनामा अघिल्लो बर्षको तापक्रमको रेकर्डलाई तोडेका देखिन्छ ।

जलवायु मञ्चले सिङ्गापुरलाई वनस्पतिमा लागेको आगो र धुवाँले गर्दा हुने प्रदूषण अनुगमन गर्ने क्षेत्रीय केन्द्रको रूपमा घोषणा गरेको छ ।

विश्वभर दुई वटा यस प्रकारका केन्द्र छन् । केन्द्रले आगो र प्रदूषण पूर्वानुमानमा राम्रो गुणस्तरको जानकारी प्रदान गरी क्षेत्रीय तथ्याङ्कमा रहेको अन्तरलाई कम गर्ने अधिकारीहरूले बताएका छन् ।

शरणार्थीको आगमन रोक्न काम गर्दै बङ्गलादेश

ढाका, १९ भदौ (रासस/एएफपी) ।

बङ्गलादेशमा हालैका हप्ताहरूमा हजारौँले सीमा पार गरेपछि त्यहाँको कामचलाउ सरकारले राज्यविहीन र उत्पीडनमा परेका रोहिङ्ग्या शरणार्थीहरूको नयाँ आगमन रोक्न काम गरिरहेको बताएको छ ।

करिब १० लाख रोहिङ्ग्याहरू बङ्गलादेशको विशाल र अव्यवस्थित राहत शिविरहरूमा बस्छन् । यसमध्ये अधिकांश संयुक्त राष्ट्रसङ्घीय अदालतमा मुद्दासमेत दर्ता भएको सन् २०१७ को जातीय हिंसापछिको सैन्य कारबाहीको क्रममा म्यान्माबाट भागेका थिए ।

पछिल्लो पलायनको कारण जुन्ताशासिशत बङ्गलादेशको छिमेकी र विद्रोही अराकान सेनाबीचको साझा सीमा नजिकै बढ्दो द्वन्द्व हो, जसले रोहिंग्या बाहुल्य माउङडो बस्तीका धेरै बासिन्दाहरूलाई विस्थापित गरेको छ ।

अन्तरिम विदेशमन्त्री तौहिद हुसेनले मङ्गलबार साँझ पत्रकारसँग भन्नुभयो, "करिब आठ हजार रोहिङ्ग्या बङ्गलादेश प्रवेश गरेको जानकारी हामीसँग छ ।" हुसेनले शरणार्थीहरूले सीमा पार गरेको समयावधि भने खुलाउनुभएन ।

उहाँले थप आगमनलाई कसरी रोक्न सकिन्छ भनेर काम गर्न यसै साता 'गम्भीर रूपमा मन्त्रीमण्डलमा छलफल' हुने बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "हामीलाई यो कुरा भन्न दुःख लागेको छ, तर अरुलाई आश्रय दिनु हाम्रो क्षमताभन्दा बाहिरको कुरा हो ।"

विद्रोही समूहसँग लड्न सेनाले बङ्गलादेशी शरणार्थी शिविरबाट दुई हजारभन्दा बढी रोहिङ्ग्यालाई भर्ती गरेपछि म्यान्माको स्थिति थप भड्किएको हो ।

यसले गर्दाबस् अराकान सेनाले रोहिङ्ग्या नागरिकमाथि कथित प्रतिशोधात्मक आक्रमण गरेको छ ।

'वाचडग फोर्टिफाई राइट्स'ले गत महिना एक रिपोर्टमा अराकान सेनाले अगस्ट ५ मा ड्रोन र मोर्टार आक्रमण गरेको र त्यसमा १०० भन्दा बढी रोहिङ्ग्या पुरुष, महिला र बालबालिकाको मृत्यु भएको जनाएको थियो । अराकान सेनाले पटक-पटक बमबारीको जिम्मेवारी अस्वीकार गर्दै आएको छ ।

सेनाको रोहिङ्ग्यालाई सेनामा भर्ती गर्ने पछिल्लो कदमले बङ्गलादेशमा रोहिङ्ग्याको सुरक्षा स्थितिलाई थप जटिल बनाएको बङ्गलादेशी अधिकारीहरूले बताएका छन् ।

नागरिकलाई दुःख कष्ट नहुने गरी सिमानाकामा काम गर्न मधेश प्रदेशका गृहमन्त्रीको निर्देशन

दैनिक समाचारदाता
धनुषा, १९ भदौं ।

मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले नेपाल र भारतको सिमा नाका भएर आउजाउ गर्ने आमनागरिकलाई कुनै प्रकारको दुःख कष्ट नहुने गरी कामकाज गर्न सुरक्षा अधिकारीहरुलाई निर्देशन दिएका छन् ।

धनुषा जिल्लाको जटही नाकाको मंगलबार निरिक्षण गर्न पुगेका मन्त्री लेखीले यस प्रकारको निर्देशन दिएका हुन् ।

उनले सिमानाकामा प्रहरीले चेकजाँचको नाउँमा तस्करहरु भन्दा बढी आमनागरिकलाई दुःख दिन्छ भन्ने जनगुनासो वेलावेलामा आइराखेकोले नागरिकलाई कुनै प्रकारको दुःख कष्ट नहुने किसिमले प्रतिबद्ध भएर प्रहरीले काम गर्नु पर्ने बताए ।

उनले निरिक्षणको क्रममा आफ्नो भवन नभएर सशस्त्र प्रहरी जवानहरुलाई समेत बास बस्न र कामकाज गर्नमा समस्या देखिएकोले भवन निमार्णका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अनुगमणका क्रममा मन्त्री लेखीलाई धनुषाका सशस्त्र प्रहरी उपरिक्षक दर्शन गिरीले नाकामा हुने चेक जाँच र आवत जावत हुने सवारी साधनवाट उठने राजश्वको साथसाथै नेपाल भारतको सिमास्तम्भहरुको वारेमा जानकारी गराएका थिए ।

अनुगमन टोलीमा गृहमन्त्रालयका सचिव बिरेन्द्र यादव ,सशस्त्र प्रहरीका डिआजी काली दास धवजी,अनुसन्धानका डिआजी माधव तिमिलसिना सहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकारीहरुको उपस्थिती रहेको थियो ।

मोरङका पत्रकारले कोरोना बीमाको भुक्तानी पाउने

मोरङ, १९ भदौ (रासस) ।

नेपाल पत्रकार महासङ्घ मोरङका २९ जना पत्रकारले कोरोना बीमा बापतको रकम भुक्तानी पाउने भएका छन् ।

कोरोना बीमा बापतको भुक्तानी पाउँन बाँकी रहेका उनीहरुले जनही रु एक लाखका दरले भुक्तानी पाउने भएका हुन् । बीमा कम्पनीले उक्त रकम बराबरको चेक नेपाल पत्रकार महासङ्घ मोरङलाई उपलब्ध गराएको जनाइएको छ ।

महासङ्घका सदस्यहरूको कोरोना बीमाबापतको रकम भुक्तानी गर्न अटेर गरेपछि महासङ्घ मोरङकातर्फ सचिव नेत्र पी अधिकारीले २०७८ भदौ २१ गते उच्च अदालत विराटनगरमा रिट दायर गर्नुभएको थियो ।

कोरोना महामारीको पहिलो लहरमा पत्रकार महासङ्घ मोरङ र अजोड इन्स्योरेन्सबीच द्विपक्षीय सम्झौता भई दुई सयभन्दा बढी पत्रकार र उनीहरूका परिवारका सदस्यको कोरोना बीमा गरिएको थियो। बीमा अवधिसम्म सङ्क्रमित भएकामध्ये २० जनाले मात्र बीमा दाबी भुक्तानी पाएका थिए।

विस २०७९ जेठ १६ गते उच्च अदालत विराटनगरका तत्कालीन कायममुकायम मुख्य न्यायाधीश सत्यमोहन जोशी थारू र न्यायाधीश जगतनारायण प्रधानको संयुक्त इजलासले कोरोना बीमाको रकम भुक्तानी गर्न अजोड इन्स्योरेन्स कम्पनीका नाममा परामादेश दिएको थियो ।

अदालतको अवहेलना मुद्धा दर्ता अघि उच्च अदालत विराटनगरले गत वैशाख २५ गते आदेश बमोजिम भुक्तानीका लागि बीमा कम्पनीलाई पत्र पठाएको थियो । अदालतको परमादेशलाई पनि अटेर गरेपछि महासङ्घ मोरङले अजोड इन्स्योसेन्स कम्पनीविरुद्ध अदालतको अवहेलनामा सजायको माग गर्दै गत असार १० गते मुद्धा दर्ता गरेको थियो ।

उच्च अदालत विराटनगरले गत असार ११ गते अदालतको अवहेलना मुद्धामा युनाइटेड अजोड इन्स्योरेन्स कम्पनीलाई सात दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो ।

न्यायाधीशद्वय ममता खनाल र सूर्यनाथप्रसाद अधिकारीको संयुक्त इजलासले पत्रकार महासङ्घ मोरङको माग बमोजिम अदालतको अवहेलनामा कारवाही गर्नु नपर्ने आधार र कारण भए प्रमाण सहित सात दिनभित्र लिखित जवाफ पेस गर्न उच्च अदालतले आदेश दिएको थियो ।

उच्चको आदेश बमोजिम बीमा कम्पनी र नेपाल बीमा प्राधिकरणले लिखित जवाफ पेस गरिसकेका छन् । अदालतको अवहेलनामा कारवाही मुद्धाको फैसला आउनुअघि नै बीमा कम्पनीले भुक्तानी हुन बाँकी २९ जनाको भुक्तानी पठाएको हो ।

गत साउन २२ गते पत्रकार महासङ्घ मोरङको समन्वयमा नेपाल बीमा प्राधिकरणसँग महासङ्घ कार्यालयमा गरिएको अन्तरक्रियामा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले कोरोना बीमाको रकम भुक्तानी गराउने प्रतिबद्धता जनाउनु भएको थियो ।

सप्तरी काँग्रेस महिला नेतृहरुले मनाए तीज महोत्सव

दैनिक समाचारदाता
राजविराज, १९ भदौ ।

नेपाली काँग्रेसका महिला नेतृ तथा कार्यकर्ताले बुधबार राजविराजमा हरितालिका तीज महोत्सव मनाएको छ ।

नेपाली काँग्रेस महिला संघ सप्तरीले आयोजना गरेको हरितालिका तीज महोत्वमा प्रमुख अतिथि नेपाली काँग्रेसका मधेश प्रदेश सह-महामन्त्री विन्दु कुमारी यादवले मधेशमा महिलाहरुले तीज महोत्सव मनाउनुले संस्कृती संरक्षणमा ठूलो भूमिका निर्वाह गरेको बताईन् ।

आफ्नो घर गृहस्थीमा व्यस्त महिलाहरुको लागि यस्तो महोत्सवले खुशी भएर रमाउने दुःख पीडा विर्सने अवसर पनि प्रदान गरेको उनले भनिन् ।

विशिष्ठ अतिथि सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरी एक अर्कामा खुशीको साटासाट गरेर मनाउने महोत्सवमा महिलाहरुले बोल्ने, नाच्ने, गाउने गर्नुका साथै अटल सौभाग्यका लागि गरिने तीज पर्वमा सहभागी हुनुले आफु हर्षित भएको बताईन् ।

उनले तीज माईतमा गएर मनाउने पर्व भएको भएपनि आयोजकले माईती जस्तै वातावरण बनाएर यस्तो महोत्सवको आयोजना गरेको प्रति धन्यवाद समेत दिईन् ।

यस्तै अग्निसाईर कृष्णासवरन गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरीले शुभकामना दिदै आफ्नो स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर व्रत बस्न आग्रह गरिन् ।

मधेश प्रदेशका सांसद निलम रजकको अध्यक्षतामा आयोजित कार्यक्रममा शिक्षक मञ्जु श्रेष्ठले तीजको महत्वबारे धारणा राखेकी थिईन् ।

कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह, सचिव सनत मंडल, संगठन विभाग प्रमुख बद्री महात्मान, प्रवक्ता नन्दकिशोर यादव, शम्भुलाल देव, युवा नेता इरसाद अन्सारी, नेविसंघका सभापति राकेश ठाकुर र तिलाठी कोईलाडी गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साह र राजविराज नगरपालिकाका कार्यपालिका सदस्य ललिता कर्ण लगायतका उपस्थिति रहेको थियो ।

‘मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संशोधन गरिने’

काठमाडौँ, १९ भदौ (रासस) ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन यथाशीघ्र संशोधन गरी समयसापेक्ष बनाइने बताउनुभएको छ ।

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १८औँ राष्ट्रिय दिवसका अवसरमा महिला, कानुन र विकास मञ्चले बुधबार यहाँ आयोजना गरेको छलफलमा मन्त्री साहले प्रक्रिया पूरा गरेर ऐन संशोधन गरिने बताउनुभयो । उहाँले विसं २०८१ मा ऐन संशोधन गरिसक्ने गरी प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

“कानुन बनाएर वा संशोधन गरेर मात्र पुग्दैन, यसको कार्यान्वयन पनि हुनुपर्छ । कार्यान्वयनका लागि सबैको सहयोग आवश्यक पर्छ, अहिले पनि नागरिकको शारीरिक शोषण भइरहेका छन्, यो लज्जास्पद विषय हो । तसर्थ कानुन संशोधनमार्फत् यस्ता विषयको सम्बोधन हुन्छ”, मन्त्री साहले भन्नुभयो ।

मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २००० (पार्लेमो प्रोटोकल) कार्यान्वयनका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

पार्लेमो प्रोटोकल नेपालले सन् २०२० जुन १६ मा अनुमोदन गरेको थियो । नेपालले पार्लेमो प्रोटोकल अनुमोदन गरेको चार वर्ष बितिसक्दा पनि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन हुन सकेको छैन ।

कार्यक्रममा मञ्चका अध्यक्ष गीता अर्याल, अधिवक्ताद्वय रोजिना श्रेष्ठ र विनोदचन्द्र देवकोटालगायतले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता पूरा गर्न पनि यथाशीघ्र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधन हुनुपर्नेमा जोड दिनुभएको थियो ।

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

बच्ने उपाय

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*